# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, भदौ १९ गते २०५७ साल (अतिरिक्ताङ्क ३२

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

माननीय परराष्ट्र मन्त्री श्री चक्रप्रसाद बास्तोला मित्रराष्ट्र स्वीडेन, नर्वे र स्वीट्जरल्याण्डको भ्रमणका साथै संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा सम्पन्न हुने संयुक्त राष्ट्र संघको महासभाको ५५ औं अधिवेशनमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै भाग लिनजाने सिलसिलामा २०५७ साल भदौ १९ गते त्यसतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको परराष्ट्र मन्त्रालयको कार्यभार प्रधानमन्त्रीले गर्ने कार्यहरू गर्ने माननीय उप-प्रधानमन्त्रीको सिफारिशमा माननीय गृह मन्त्री श्री गोविन्दराज जोशीले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय विज्ञान तथा प्रविधि मन्त्री श्री सुरेन्द्रप्रसाद चौधरी निजी भ्रमणको सिलसिलामा २०५७ साल भदौ १९ गते भारतको नयाँ दिल्लीतर्फ जानुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यभार प्रधानमन्त्रीले गर्ने कार्यहरू गर्ने माननीय उप-प्रधानमन्त्रीको सिफारिशमा माननीय शिक्षा तथा खेलकूद मन्त्री श्री आमोदप्रसाद उपाध्यायले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०९

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।